**२०७७ सालको ऐन नं. ६**

**सभाबाट पारित मिति :- २०७७/०३/११**

**प्रमाणिकरण मिति :- २०७७/०३/११**

# पाखीबास नगर शिक्षा ऐन, २०७७

पाखीबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पाखीबास, धनकुटा

**२०७७**

# पाखीबास नगर शिक्षा ऐन, २०७७

**सभाबाट पारित मिति :- २०७७/०३/११**
**प्रमाणीकरण मिति :- २०७७/०३/११**

**प्रस्तावना**

राष्ट्रको सर्वाङ्गीण एवम युगान्तकारी विकासको लागि विश्व बजारमा समयानुकूल प्रतिस्पर्धी जनशक्ति तयार गरी प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, मानवीय मूल्य र मान्यता प्रबर्द्धनका लागि आवश्यक पर्ने दक्ष, योग्य र सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल सर्वसाधारण जनताको सदाचार, सिष्टाचार र नैतिकता कायम राख्न स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित जनशक्ति तयार गर्नका निमित्त यस स्थानीय तहमा स्थापना हुने तथा स्थापना भई सकेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी चुस्त दुरुस्त गुणस्तरीय शिक्षा विकास गर्न वाञ्छनीय भएकाले “नेपलको संविधान” को धारा ५७(४), धारा २१४(४), धारा २२६ (१) को अनुसूची ८ को बुदा नं ८ तथा “स्थानीय सरकार संचालन ऐन, २०७४” को दफा १०२(१) बमोजिम पाखीबास नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

## १.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :-

(क) यस ऐनको नाम“पाखीबास नगर शिक्षा ऐन २०७७” रहेको छ।
(ख) यो ऐन पाखीबास नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।
(ग) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

## २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।
(ख) “प्रारम्भिक बालशिक्षा” भन्नाले पाँच वर्षमुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।
(ग) “प्राथमिक शिक्षा” भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ।
(घ) “निम्न माध्यमिक शिक्षा” भन्नाले कक्षा छ देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ।
(ङ ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।
(च) “नगरपालिका” भन्नाले पाखीबास नगरपालिका सम्झनुपर्छ।
(छ) “नगर सभा” भन्नाले पाखीबास नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।
(ज) “विशेष शिक्षा” भन्नाले दृष्टि विहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण अतिअशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।
(झ) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।
(ञ) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तु सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।
(ट) “सामुदायिक विद्यालय” भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार तथा पाखीबास नगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।
(ठ) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।
(ड) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका कर्मचारी अन्य सम्झनु पर्छ।
(ढ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बन्ने नियमावली, कार्यविधि, निर्देशिका, मापदण्डले तोकिए बमोजिम सम्झनु पर्छ।
(ण) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान नगरी सकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।
(त) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार र पाखीबास नगरपालिकाबाट दिइएको स्थायी स्वीकृतिलाई जनाउँछ।
(थ) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

(द) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ध) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो रूपमा मुलुकमा नलिने स्थायी बसेबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा(डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(न) “तालिम केन्द्र,” भन्नाले यस ऐन बमोजिम अनुमति प्राप्त गरी विभिन्न सिपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ ।

(प) “पुस्तकालय” भन्नाले नेपाल सरकारबाट अनुमति लिई सञ्चालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ ।

(फ) “शैक्षिक परामर्श केन्द्र” भन्नाले शैक्षिक परामर्श प्रदान गने उद्देश्यले नेपाल सरकारवाट वा यस नगरपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ ।

(ब) “शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ ।

(भ) “प्रादेशिक शिक्षा ऐन” भन्नाले प्रादेश संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ ।

(म) “संघीय शिक्षा नियमावली” भन्नाले शिक्षा नियमावली २०५९ सम्झनु पर्दछ ।

(य) “शिक्षा नियमावली” भन्नाले पाखीबास नगरकार्यपालिकाले बनाएको शिक्षा नियमावली सम्झनु पर्दछ ।

(र) “नगर शिक्षा अधिकारी” भन्नाले नगरको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सम्झनु पर्दछ ।

(ल) “शिक्षा शाखा” भन्नाले नगरको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

(व) “अभिभावक” भन्नाले विद्यालयमा अध्यनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्यनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येबाट विद्यालयको अभिलेखमा जनाइएको व्यक्तिलाई बुझाउँछ तर विद्यालय व्यवस्थापन गठन गर्ने प्रयोजनको वद्यार्थीका लागि बाबु, आमा, बाजे, बज्यैलाई मात्र अभिभावक मानिनेछ ।

## ३. विद्यालय खोल्न अनुमति लिनुपर्ने :-

(१) पाखीबास नगरपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगर शिक्षा अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगर शिक्षा अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालन गरेको देखिएमा नगर शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयलाई देहायका शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइछैन :

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक विद्यालय गुठी अन्तर्गत सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक(ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी सञ्चालन विद्यालय गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक अन्तर्गत गुठी विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(१०) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता सोहि सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

(११) विद्यालय सञ्चालन तोकिए वमोजम हुनेछ ।

## ४ परीक्षा सञ्चालन र समन्वय :-

नगरपालिका क्षेत्र भित्रका विद्यालय तहको परीक्षा सञ्चालन र व्यवस्थापन नगर स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ । परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको गठन तथा उक्त समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## ५. माध्यमिक शिक्षाको प्रकार :-

माध्यमिक शिक्षा देहाय बमोजिमका प्रकार हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

## ६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला सञ्चालन सम्बन्धी शिक्षा व्यवस्था :

नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

## ७. शिक्षाको माध्यम :-

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वादुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षाको विद्यलयमा माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) प्राथमिक शिक्षा मातृ भाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

## ८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :

विद्यालयले नेपाल सरकारले तोकेको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्नु पर्नेछ र नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम विकास गर्नु पर्नेछ र विद्यालयले उक्त पाठ्यक्रम लागू गर्नु पर्नेछ ।

## ९. नगर शिक्षा समिति :

(१) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :

(क) नगर प्रमुख -अध्यक्ष

(ख) नगरपालिकाको शिक्षा हेर्ने सामाजिक विकास समितिको संयोजक - उपाध्यक्ष

(ग) नगर कार्यपालिकाका सदस्यहरू मध्येबाट कम्तिमा एकजना महिला सहित नगर कार्यपालिकाले मनोनयन गरेको दुइ जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्य मध्येबाट नगर शिक्षा समितिले मनोनयन गरेको एक जना - सदस्य

(च) सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरू मध्येबाट कम्तिमा एक जना महिला समेत नगर शिक्षा समितिले मनोनित गरेको दुइ जना - सदस्य

(छ) नगरपालिका क्षेत्रभित्रका समाजसेवी/शिक्षाप्रेमी/शिक्षाविद्हरु मध्येबाट नगर नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(ज) नगरपालिका अन्तर्गत रहेका विशेष शिक्षा तथा समावेशी शिक्षा सञ्चालन भएका विद्यालय तथा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट नगर शिक्षा समितिले मनोनित गरेको व्यक्ति एक जना - सदस्य

(झ) नगर शिक्षा अधिकारी -सदस्य-सचिव

(ञ) नगर स्तरीय शिक्षक महासङ्घको अध्यक्षलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गरिनेछ ।

(२) शिक्षा समितिको वैठक कम्तिमा प्रत्येक तीन महिनामा एक पटक बस्नुपर्नेछ ।

(३) शिक्षा समितिको बैठक भत्ता नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) बैठक सञ्चालनको लागि कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(५) मनोनित सदस्यहरुको पदावधि ३ वर्ष हुनेछ । पदावधी समाप्त भएपछि पुन मनोनित गर्न सकिने छ ।

(६) शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) शिक्षा समितिले आवश्यकता अनुसार शिक्षाविद्, शिक्षा अधिकृत/निरीक्षक र नगर कार्यपालिकाका सदस्यहरुलाई उक्त समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**१०. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार :** शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकारः-** नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. प्रमुख प्रशासकिय अधिकृतको काम, कर्तव्य र अधिकार :-** प्रमुख प्रशासकीय प्रमुखको **का**म, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. नगर शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार :-** नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**१४. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :-** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१५. अध्यापन अनुमतिपत्र लिनुपर्ने :-**

विद्यालयको शिक्षकमा नियुक्ति हुन तोकिए बमोजिमको अध्यापन अनुमतिपत्र लिएर मात्र उम्मेदवार हुन योग्य हुनेछन् । नेपाल सरकारबाट अध्यापन अनुमति प्राप्त उम्मेदवारलाई यो दफा लागू हुने छैन ।

**१६. अनुदानको व्यवस्था :-**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) नगरपालिकाले सामुदायिक विद्यालयहरूलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**१७. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :-**

नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**१८. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था :-**

- प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।
- समुदायमा आधारित बाल विकास केन्द्रको समिति गठन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**१९. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने :-**

नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**२०. विद्यालय व्यवस्थापन समितिको गठन :-**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयहरुमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

(ख) नगरपालिकाको सम्बन्धित वडा समितिको निर्णयबाट तोकेको वडा अध्यक्ष वा वडा सदस्य एक जना - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय, शिक्षा प्रेमी विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेको व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर प्रमुखले मनोनित गरेको एक जना महिला सहित दुई जना - सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट स्टाफ बैठक गरी बैठकको निर्णयबाट छानी पठाएको शिक्षक एक जना - सदस्य

(ङ) प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा १ को खण्ड (क), (ख), (ग) बमोजिमका सदस्यहरु मध्येबाट आधारभूत तह र माध्यमिक तहका विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सम्बन्धित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको सदस्य समितिको अध्यक्ष हुनेछ ।

(३) उपदफा १ को खण्ड (ख), (ग) र (घ) मध्ये कुनै खण्डको सदस्य मनोनयन हुन बाँकी रहेको भए पनि उपदफा (२) बमोजिम अध्यक्ष मनोनयन गर्न कुनै बाधा हुने छैन ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मनोनयन नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एक जना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(६) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको म्याद समाप्त भइसकेको तथा कुनै कारणबस नगर शिक्षा समितिको निर्णयबाट विद्यालय व्यवस्थापन समिति बिघटन भइ अर्को समिति गठन हुन नसकेको अवस्थामा आर्को समिति गठन नभए सम्मको लागि सम्बन्धित वडाका वडा अध्यक्ष वा अध्यक्षले तोकेको कार्यपालिकाको सदस्य वा वडा

सदस्यको अध्यक्षतामा वडा समितिले छनोट गरेको वडाको महिला सदस्य वा दलित महिला मध्ये १ जना, अन्य वडा सदस्य मध्येबाट १ जना, विद्यालय व्यवस्थापन समितिले छनोट गरेको सम्बन्धित विद्यालयको शिक्षक मध्येबाट एक जना र सम्बन्धित विद्यालयका प्रधनाध्यापक सदस्य सचिव रहेको तदर्थ व्यवस्थापन समितिको गठन हुनेछ ।

(७) सम्बन्धित विद्यालय निरीक्षक/शिक्षा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(८) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयका संस्थापक वा लगानी कर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा नगर प्रमुखले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट एक जना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येबाट सम्बन्धित वडाको वडा समितिले मनोनित गरेको एक जना -सदस्य

(घ) सम्बन्धित निरीक्षक/शिक्षा अधिकृत -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(९) उपदफा (१), (२) र (८) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता सदस्य वा अध्यक्षले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(१०) राजीनामा स्वीकृत गर्ने : व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ । तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको वरिष्ठ सदस्यले स्वीकृत गर्नेछ । साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधीहरुले राखेको दृष्किोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानुन विपरितका कुनै निर्णय भएकोमा बाल प्रतिनिधीहरुलाई जिम्मेवार बनाईने छैन ।

(११) अभिभावकको अभिलेख राख्ने :

(क) विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा वा बाजे, बज्यैको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्नु पर्नेछ ।

(१२) विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने : देहायका अवस्थामा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरित काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धित तह/निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटक-पटक उलंघन गरेमा ।

तर बिघटन गर्नुभन्दा पहिले कसुर सम्बन्धमा स्पष्टीकरण पेश गर्ने मौका दिनु पर्नेछ ।

**२१. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२२. शिक्षक अभिभावक सङ्घ सम्बन्धी व्यवस्था :**

(१) प्रत्येक विद्यालयका शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक सङ्घ रहनेछ ।

(२) शिक्षक अभिभाव सङ्घ समितिको गठन, बैठक र काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२३. नगरपालिकाले निर्देशन दिन सक्ने :-**

(१) नगरपालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२४.प्रधानाध्यापक नियुक्ति :**

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) आधारभूत तहको कक्षा पाँच सम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा पाँच वर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको, सङ्घीय ऐन तथा सो ऐन अन्तर्गत बनेको कार्यविधि बमोजिम शिक्षक बन्ने योग्यता भएको सम्बन्धित तहमा कम्तीमा पाँच वर्ष शिक्षण अनुभव भएको, तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई नगर शिक्षा समितिको निर्णय बमोजिम पाँच वर्षको लागि नगर शिक्षा अधिकारीले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको आवश्यकता, समग्र हित र विकासका लागि विद्यालय व्यवस्थापन समितिले उपयुक्त कारण खुलाएर निर्णय गरी जुनसुकै तह र दरबन्दीको शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी दिएमा बाधा पुगेको मानिने छैन ।

(४) एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकालभन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन ।

(५) उपदफा (२) र (३)मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ :–

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन तथा यस कार्यविधि विपरीतको कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयको चल अचल सम्पत्ति हिना मिना गरेमा ,

(६) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपदफा (५) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकारीले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन नगर शिक्षा समितिको राय सिफारिस सहित नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(८) सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये माथिल्लो श्रेणीका वरिष्ठ शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । शिक्षकको वरिष्ठता निर्धारण तोकिए बमोजिम हुनेछ ।

(९) प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२५. कर्मचारीसम्बन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२६.शिक्षक तथा कर्मचारी छनोट समिति :**

(१) नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको रिक्त दरबन्दीमा शिक्षक तथा कर्मचारी करारमा नियुक्ती गर्ने प्रयोजनको लागि नगरपालिकाको कार्यालयमा १ शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

(२) उपदफा १ अनुसार शिक्षक तथा कर्मचारी छानोट समिति तोकिए बमोजिम हुनेछ ।

**२७. करारमा शिक्षक तथा कर्मचारी छनोट र नियुक्ति सम्बन्धी व्यवस्था :**

(१) करारमा शिक्षक तथा कर्मचारी छानोटको सिफारिश दफा २६ अनुसारको तोकिएको समितिले गर्नेछ ।

(२) शिक्षक तथा कर्मचारी छनोट समितिको सिफारिसमा करार नियुक्ति सम्बन्धित विद्यालयले गर्नेछ ।

**२८. दरबन्दी नभएको पदमा शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गर्न नहुनेः**

(१) शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरवन्दी नभएको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत कसैले कुनै शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता वापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

**२९. सरुवा सम्बन्धी व्यवस्था :**

(१) नगरपालिका भित्रको कुनै विद्यालयमा कार्यरत शिक्षकले तोकिएको ढाँचामा सरुवाको निवेदन दिएमा विद्यालयमा रहेको समान विषय र तहको दरबन्दीमा तोकिए अनुसार सरुवा हुनेछ ।

(२) यस नगरपालिकाबाट जिल्ला भित्रका अन्य स्थानीय तहमा शिक्षकको सरुवा तोकिए अनुसार हुनेछ

(३) जिल्लान्तर र प्रदेश अन्तर शिक्षकको सरुवा संघीय तथा प्रदेश कानुनले तोके अनुसार हुनेछ ।

**३०. दरवन्दी मिलान :-**

तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पूरा गद**र**बन्दी मिलान गर्न सक्नेछन् ।

**३१. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः-**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित वा आदिबासी जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, नगर शिक्षा अधिकारी वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**३२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :-**

नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षक तथा कर्मचारले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुनेछैन ।

**३३. नगर शिक्षा विकास कोष :-**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगर स्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको कूल वार्षिक आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**३४. कोष सञ्चालक समितिः-**

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा सम्बन्धी बैठक कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३५. विद्यालय शिक्षा कोष :**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**३६. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :-**

नगरपालिकाले हाल सञ्चालन भइरहेका ३० मिनेटको दुरी भन्दा नजिकमा रहेका विद्यालयलाई कुनै एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई एउटामा गाभी विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ, साथै यसका लागि विद्यार्थी संख्यालाई पनि आधार मानिनेछ ।

**३७. विद्यालयको सम्पत्ति :-**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम व्यवस्थापन गर्न सक्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा यस्तो वद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वामित्व परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति संघ वा संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको वा नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकार वा नगरपालिकाको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

**३८. विद्यालयलाई छुट र सुविधा :-**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले नगरपालिकाले तोकेको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## ३९.अनुमति वा स्वीकृति रद्द गर्न सक्ने :-

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्कने छ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

## ४०. विद्यालयको वर्गीकरण :-

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

## ४१. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्ने :-

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने मापदण्ड तथा शर्त तोकिए वमोजिम हुनेछ।

## ४२. शुल्क सम्बन्धी व्यवस्था :-

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्ने छ।

(३) सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि सोही विद्यालयको पुनः अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ।

(८) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

## ४३. शिक्षकको पेशागत महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य नगर क्षेत्र भित्रका तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्न सक्नेछः-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीहरूले व्यावसायिक हक हितका नाममा छद्म रूपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत् पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका प्रदान गरिनछ ।

*स्पष्टिकरणः यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान वमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनुपर्छ ।*

**४४. स्थायी आवासीय अनुमति लिन नहुने :-**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**४५. शैक्षिक योग्यताः-**

विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**४६. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :-**

नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**४७. शिक्षकलाई अन्य काममा लगाउन नहुने :-**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार, नेपाल सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४८. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :-**

(१) दफा ४३ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको बर्खास्त वा भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली मिति सम्मको भएको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**४९. बालबालिकालाई निष्काशन गर्न, शारीरिका वा मानसिक दुर्व्यवहार गर्न नहुने :-**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत् बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

(३) सबै विद्यालयहरुले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक कर्मचारी र विद्यार्थीहरुको आचार संहिता बनाइ लागूगर्नु पर्नेछ ।

**५०. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :-**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, कक्षा भाषा पूर्व शिक्षण तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (क) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा वा शिक्षण पूर्व कक्षा तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन अनुमति गर्न लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ५१. प्रगति विवरण बुझाउनु पर्ने :-

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका प्रगति विवरण नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

## ५२. दण्ड सजाय :-

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुव्यक्तिलाई पु¥याएमा त्यस्तो कसुरको मात्रा हेरी तोके वमोजिम सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,
(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवार पूर्ण कार्य गरेमा,
(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,
(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,
(ङ) अरूको तर्फबाटरीक्षाप दिएमा,
(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,
(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,
(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, कक्षा भाषा तथा शिक्षण पूर्व तयारी कक्षा सञ्चालन गरेमा,
(झ) कानू विपरीतको अन्य कार्य गरेमा,

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर हेर्ने मुद्दा अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक कर्मचारी वा अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

## ५३. पुनरावेदन :-

तोकिएको अधिकारीले गरेको सजायको उपर आदेश कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

## ५४. नियम बनाउने अधिकार :-

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक कार्यविधि वा निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

## ५५. संक्रमणकालीन व्यवस्था :-

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्स्था गरेको काम नियमावली नआउँदा सम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी हुनु भन्दा पहिले बनेको कार्यविधि, निर्देशिका, मापदण्ड र नगर कार्यपालिकाले गरेको निर्णय अनुसार भए गरेका कार्यहरू यसै ऐनबाट भए सरह मानिने छ ।

## ५६. बाधा अडकाउ फुकाउने अधिकार :-

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५७. बचाउ र लागू नहुने :-**

(१) यो ऐन वा यस ऐन अन्तर्गतका बनेको नियममा लेखिए जति कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिन-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान र संघीय शिक्षा ऐनसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

(४) यस अघि कानुन वमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।